**बाख्रा पकेट क्षेत्र कार्यक्रम कार्यविधि, २०७७**

**प्रस्तावना :** विदुर नगरकार्यपालिकाको बाख्रा पकेट कार्यक्रम अनुसार यस नगरपालिकामा बाख्रा पकेट कार्यक्रम संचालन गर्ने बाख्रा पकेट कार्यक्रमको माध्यमबाट बाख्रा पालन पेशालाई मर्यादित बनाउन, स्थानीय जातको बाख्रा पालनलाई प्रोत्साहन गर्दै यस नगरपालिकामा आवश्यक पर्ने खसी, बोकाको मासु आयात कम गर्ने र बाख्रा पालन पेसालाई ब्यवसायीक बनाई बाख्रा प्रबर्द्धन कार्यक्रमलाई सहज, सरल र प्रभावकारी रुपमा संचालन गर्ने यस विदुर नगरकार्यपालिकाबाट कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद -१

## पारम्भिक

**(१) सम्क्षिप्त नाम र प्रारम्भ :**

- यस कार्यविधिको नाम बाख्रा पकेट कार्यक्रम कार्यविधि,२०७७ रहेको छ ।
- यो कार्यविधि विदुर नगर कार्यपालिकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित गरेको मितिबाट लागु हुनेछ ।

**(२) परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "कार्यविधि" भन्नाले बाख्रा पकेट कार्यक्रम कार्यविधी २०७७ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले विदुर नगरपालिकाको बाख्रा पकेट कार्यक्रम सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले यस विदुर नगरकार्यापालिको कार्यालय सम्झनु पर्छ ।

(घ) "अनुदान" भन्नाले कार्यक्रम संचालनको लागि सम्बन्धित साझेदारीलाई विदुर नगरपालिकाले प्रदान गर्ने रकमलाई सम्झनु पर्दछ ।

(ङ) "साझेदारी संस्था" भन्नाले नव गठित समूह सम्झनु पर्छ ।

(च) "साझेदार" भन्नाले लागत सहभागीता अनुसारको पकेट बिकास कार्यक्रम संचालन गर्नका लागी सम्बन्धित कार्यालय संग द्दिपक्षीय सम्झौता भएका बाख्रा पालक कृषक समूह वा सहकारी सम्झनु पर्दछ ।

विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बट्टार, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

सन्जु पण्डित
प्रमुख

(छ) "साझेदारी" भन्नाले बाख्रा पकेट बिकास कार्यक्रम संचालन गर्नको लागी सम्बन्धित कार्यालय वा साझेदार विच दिृपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

(ज) "समूह" भन्नाले कम्तीमा दश जना कृषकहरु प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता वा आभिलेखित भई बनेको कृषक समूह सम्झनु पर्दछ ।

(झ) "कार्ययोजना" भन्नाले बाख्रा पकेट कार्यक्रम संचालनको लागि तयार पारिएको प्रस्तावित परियोजना सम्झनु पर्दछ ।

(ञ) "शाखा" भन्नाले यस नगरपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

**(३) उदेश्य** : यस कार्यविधिको उदेश्य देहाय वमोजिम रहेको छ ।

(क) यस नगरपालिकामा बसोबास गर्ने निम्न स्तरका कृषकहरुलाई अनुदान उपलब्ध गराई स्वरोजगार बनाई आर्थिक अवस्थामा टेवा पुर्याउने ।

(ख) कृषक समुदायमा दिगो र सहभागितामुलक गोठ सुधार तथा बाख्रा पालन प्रणाली व्यवस्थित गर्ने !

(ग) नगरपालिकाको भौगोलिक क्षेत्र तथा हावापानी सुहाउदो बाख्राको उपलब्धता बढाउने , स्थानीय जातको बाख्रालाई प्रोत्साहन दिने ।

(घ) बाख्रा पालन पेसालाई मर्यादित बनाई यसको व्यवसायिकरण गरि मासु आयातलाई प्रतिस्थापन गर्न सहयोग पुर्याउने ।

(ङ) निर्बाहमुखी बाख्रापालनलाई व्यवसायिक रुपान्तरणमा सहयोग पुर्याउने ।

## परिच्छेद- २

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**(४) कार्यक्रम संचालन :**

सन्जु पण्डित
प्रमुख

(क) विदुर नगरकार्यपालिकाले छनोट गरेको स्थान वा वडाहरुमा बाख्रा पालक कृषकहरु छनौट गरि कार्यक्रम संचालन गरिने छ । पकेट क्षेत्र छनौटका आधारहरु -

(क) भौगोलिक तथा बाताबरणीय हिसाबले बाख्रा पालनको सम्भावना भएको हुनु पर्नेछ ।

(ख) तुलनात्मक हिसाबले बाख्राको संख्या बढी भएको क्षेत्र हुनु पर्नेछ ।

(ग) बाख्रापालनमा संलग्न कृषकहरुको बाहुल्यता रहेको हुनु पर्नेछ ।

(घ) घाँस खेतीको सम्भावना भएको हुनु पर्नेछ ।

(ङ) व्यवसायिक बाख्रापालन विस्तारको सम्भावना रहेको हुनु पर्नेछ ।

(च) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयन को सम्भावना भएको ।

(ख) इच्छुक कृषक समितिमा आबद्ध हुन कम्तिमा दश ओटा प्रजनन् योग्य माऊ बाख्रा पालेको हुनुपर्ने छ ।

(ग) कार्यक्रम संचालन अबधि कम्तिमा एक आ. ब. को हुने छ ।

**(५) <u>अनुदान रकम</u>** : अनुदान रकमबाट संचालन गर्न सकिने कार्यहरु

(क) समिति गठन गर्ने - कार्यक्रम संचालन गर्ने भनी तोकिएको वडामा आबेदन अनुसार कृषकहरु समाबेस गरि समिति बनाउने ।

(ख) तालिम - तालिम ५ दिने रहने छ जसमा २० घन्टी हुने छ , प्रत्येक घन्टी १.५ घण्टा को हुने छ जसमा बाख्रापालन सम्बन्धि आवश्यक कुराहरु कृषकहरुलाई जानकारी गराइने छ ।

(ग) घाँस खेति - आवश्यकता अनुसार घास खेति गर्नको लागि ( हिउदे , बर्षे र बहुबर्षे) घाँस खेति गर्न आवश्यक पर्ने घाँसको बिउ, पोली ब्याग, हजारी, नर्सरी पाईप उपलब्ध गराई कार्य गर्ने ।

(घ) खोर निर्माण - स्थानीय स्रोत र साधनको प्रयोग गरि प्रत्येक सदस्यलाई एकै किसिमको नमुना खोर बनाउन लगाउने साथै बाख्रा खरिद गर्ने ।

(ङ) प्रजनन योग्य ब्याडे बोका - गठन भएको समुहलाई १० जनाको एउटा समुह बनाई ३ वटा सत प्रतिशत जातिय शुद्धता भएको ब्याडे बोका खरिद गरि वितरण गर्ने ।

(च) विमा - नियम अनुसार बाख्राको विमा गराउने ।

विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय विदुर, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

सञ्जु पण्डित
प्रमुख

(छ) औषधि तथा खोप - समस्याको आधारमा औषधि तथा खोप खरिद गरि शाखाले उपलब्ध गराउने ।

(ज) बाख्रापालक कृषकलाई शाखाबाट स्थलगत अनुगमन निरीक्षण गरी प्राबिधिक सेवा उपलब्ध गराउने ।

(७) **<u>साझेदारी संस्थाको छनोट</u>** : कार्ययोजनाको आधारमा कार्यालयले साझेदार संस्थाको गठन गर्नेछ ।

## परिच्छेद-३

## मुल्यांकन तथा अनुगमन

(८) **<u>मुल्यांकन समिति</u>** :

(क) कार्य प्रगतिको मुल्यांकन गर्न तपसिल बमोजिमको मुल्यांकन समिति गठन गरिने छ ।

- नगर उपप्रमुख (संयोजक)
- प्रमुख प्रशासकिय अधिकृत (सदस्य सचिब)
- पशु सेवा शाखा प्रमुख (सदस्य) रहने छन ।

(ख) मुल्यांकन समितिमा आवश्यकता अनुसार दुईजना सम्मलाई आमन्त्रण गर्न सकिने छ ।

(५) **<u>अनुगमन</u>** : पशु सेवा शाखा प्रमुखको नेतृत्वमा यस शाखाको कर्मचारीले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

## परिच्छेद-४

## विविध

(९) अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले मापदण्ड अनुसारको खोर निर्माण गर्दा लागेको लागत को बिल / भर्पाई कार्यालयमा पेस गर्नु पर्नेछ । कार्यालयले साझेदार संस्थाको बैक खातामा

सञ्जु पण्डित
प्रमुख

अनुदान रकम उपलब्ध गराउने छ । जसमा सम्बन्धित पशु सेवा शाखाको प्राबिधिकको अनुगमन मुल्यांकनको प्रतिबेदन र बिल भरपाईको आधार रहने छ ।

(१०) **विशेष प्राथमिकता** : जिबिकोपार्जन गर्न नसकेको एकल महिला, दलित, असहाय निम्न स्तरका कृषकहरुको समुहलाई विशेष प्राथमिकता दिईने छ।

(११) **कार्यकम संचालन प्रकृया** : सम्बन्धित कार्यालयले बाख्राको पकेट बिकास कार्यक्रम संचालनको लागी तोकियको बजेट अनुसार कार्यक्रम संचालन गर्ने छ ।

(१२) **कार्यक्रम कार्यान्यन सम्बधि जिम्मेवारी तथा दायित्व** :

(क) कार्यक्रम कार्यन्वयनको सिलसिलामा पकेट क्षेत्र छनौट, अनुमोदन, समिति गठन, अभिमुखिकरण, कार्ययोजन तयारीमा सहजीकरण, कार्ययोजना अनुमोदन र स्वकृती सम्झौता र भुक्तानी सम्बन्धी जिम्मेवारी सम्बन्धित नगरपालिका कार्यालयको हुनेछ ।

(ख) सम्झौता अनुसारको कार्य निर्धारित समयसिमा भित्र उच्च गुणस्तर कायम राखी सम्पन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(ग) अनुग्राहीले कार्यक्रम संचालनको प्रगति नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(१३) **कारबाहीको व्यवस्था** :

(क) सम्झौता अनुसार काम नगर्ने साझेदार संस्थाहरुलाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(ख) अनुदान लिई दुरुपयोग गर्ने साझेदारी संस्थालाई आगामी कुनैपनी कार्यक्रममा सहभागी गराईने छैन ।

(ग) अनुदान लिई दुरुप्रयोग गर्ने साझेदारी संस्थाहरुलाई १०% जरिवाना सहित अनुदान रकम असुल उपर गरिने छ ।

(१४) **संशोधन** : यो कार्यबिधि कार्यान्वयान सम्बन्धि बाधा अड्चन बिदुर नगरकार्यपालिकाको कार्यालयले सहजीकरण गर्नेछ ।

सञ्जु पण्डित
प्रमुख

(१५) **<u>प्रचलित कानुन बमोजिम हुने</u>** : यस कार्यविधिमा उल्लेख भएका बिषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

सञ्जु पण्डित
प्रमुख